मितिः २०८३/०१/२४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## निर्णय नं. १

बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना रुपन्देही बुटवलको च.नं. २४६ मिति २०८३/०१/११ गतेको प्राप्त पत्रानुसार पूर्व पश्चिम लोकमार्ग अन्तर्गत बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजनाको लागि १५०००० घन मिटर नदीजन्य पदार्थ माग गरेको। हाल निर्माणाधिन पूर्व पश्चिम राजमार्ग सैनामैना नगरपालिकाको बीच भागमा भइ गएको र निर्माणाधिन सडक मध्ये करिब १५ किलो मिटर सडक सैनामैना नगरपालिका भित्र नै रहेको, हाल नदिजन्य पदार्थको अभावका कारण सडक निर्माण कार्य प्राय ठप्प कै अवस्थामा रहेको र निर्माणको काममा गति दिन नसकेमा आउदै गरेको बर्षातको समयमा सडककै कारण विपद् निम्तिन सक्ने अवस्था रहेको । यस सडकको द्रुत गतिमा निर्माण कार्य अगाडि बढाउन नदिजन्य पदार्थको उपलब्धता अपरिहार्य देखिएको ।

यस सैनामैना नगरपालिका वडा नं ११ मा पर्ने कञ्चन खोलाका बिभिन्न घाटहरुमा रहेको नदिजन्य पदार्थ उत्खननका लागि गरिएको वातारणीय अध्ययन प्रतिवेदन नगरपालिकाको मिति २०८३।०१।१० को कार्यपालिकाको निर्णय बमोजिम स्वीकृत गरको । नेपाल सरकारले जारी गरेको ढुंगा, गिटी, वालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ मा ठूला रुपान्तरणकारी राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाका लागि विशेष व्यवस्था अन्तरगत उपदफा (१) मा ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदिजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, वालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामग्री सङ्कलनको व्यवस्था मिलाउनु पर्नेछ भन्ने व्यवस्था रहेको ।

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३९५ मिति २०८३/०१/११ गतेको पत्रबाट संघीय, प्रादेशिक एवं स्थानीय स्तरका विभिन्न आयोजना/परियोजना तोकिएकै समयमा सम्पन्न गर्न आवश्यक पर्ने कच्चा पदार्थ तथा निर्माण सामाग्री उपलब्ध तथा ओसारपसारमा स्थानीय सरकार संचालन ऐन २०७४ मा भएका व्यवस्था बमोजिम आफ्नो गाउँपालिका/नगरपालिकाको अधिकार क्षेत्रभित्रका नदीजन्य पदार्थको उचित व्यवस्थापन तथा अन्य निर्माण सामाग्रीको उपलब्धता तथा निर्वाध ओसारपसारका लागि सरोकारवाला निकायसँग समेत समन्वय गरी व्यवस्थापन गर्ने निर्देशन प्राप्त भएको ।

सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा २६ बमोजिम अनुसूची १० मा प्राकृतिक स्रोतको संङ्कलन तथा विक्रि शुल्क अन्तरगत ढुङ्गा, गिटि, वालुवा, मिस्कट, खरिढुङ्गा प्लेट प्रति घनफिट रु.१८ र भसकट रु.७ प्रति घनफिट शुल्क तोकिएको । लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८२ को दफा ८ अनुसुचि ६ मा शुल्क ढुङ्गा, गिटि, वालुवा, चुनढुङ्गा ग्राभेल खरिढुंगा वा स्लेट तराइका जिल्लाहरुका हकमा प्रति क्यूवफिट रु.८ र भसकट रु.४ प्रति क्यूब फिट तोकिएको । प्रदेश सरकारले तोकेको दररेट भन्दा सैनामैना नगरपालिकाले तोकेको दररेट बढि भएको ।

उल्लिखित कानूनी व्यवस्थाहरु र माथिल्लो निकायहरुको निर्देशन समेतका आधारमा बुटवल गोरुसिंगे चन्द्रौटा सडक आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना भएको, सडक निर्माण आयोजना सैनामैना नगरपालिका भित्र नै भइरहेकोले उक्त राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका लागि ढुंगा, गिटी, वालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२, स्वीकृत प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन, सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा २६ बमोजिम अनुसूची-१० ढुङ्गा, गिटि, वालुवा, मिस्कट, खरिढुङ्गा प्लेट प्रति घनफिट

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

रु.१८ र भसकट रु.७ प्रतिघनफिट शुल्क लिने गरी तपशिल बमोजिमको नदिजन्य पदार्थ आयोजनाका लागि उपलब्ध गराउने निर्णय गरियो ।

प्रथम चरण

| क्रसं | स्थान | नदिजन्य पदार्थको किसिम | परिमाण |
|---|---|---|---|
| १ | सैनामैना नगरपालिका वडा नं ११ कञ्चन खोला बाहिर डम्प साइटमा थुपारिएको भस्कट | भस्कट | ३३३७.५७ घ.मि. (११७८८२.४३ घ.फि) |
| २ | सैनामैना नगरपालिका वडा नं ११ कञ्चन खोलाको दुई मुहान कञ्चन सेक्सन घाट र विचवापुर सेक्सन घाट | ग्राभेल/वालुवा | १९५५७.०३ घ.मि. (६९०७५१.११घ.फि.) |

दोश्रो चरण

| क्रसं | स्थान | नदिजन्य पदार्थको किसिम | परिमाण |
|---|---|---|---|
| १ | सैनामैना नगरपालिका वडा नं ११ कञ्चन खोलाको उत्तर वरौली कञ्चन सेक्सन घाट-१(क), १(ख),१(ग),१(घ), जरलैया कञ्चन सेक्सन घाट-२ र तीन घरुवा कञ्चन सेक्सन घाट-३ | ग्राभेल/वालुवा | ३३२५९.६८ घ.मि. (११७४७२६.४७ घ.फि.) |

नोटः प्रथम चरणको घाटगद्दिको कार्य सम्पन्न भएपछि मात्र दोश्रो चरणको कार्य शुरु हुनेछ ।

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति: २०८३/०१/२४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. २**

त्रिनेत्र इन्जिनियरिङ्ग एण्ड मल्टी प्रपोज कन्सल्टयान्ट टोखा, काठमाडौले सैनामैना नगरपालिका वडा नं. १ दुर्गा भवानी टोलमा ठाउँसारी गरी पाउँ भनी यस कार्यालयमा दिएको निवेदनका सम्बन्धमा निवेदकको माग बमोजिम अनुमती दिने कार्यका लागि सम्बन्धित अनुमति लिएको निकायबाट प्रचलित कानून बमोजिम आवश्यक प्रकियाहरु पूरा गरी अनुमति लिएको पाइएमा सैनामैना नगरपालिकाको घ बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधी, २०७४ बमोजिम इजाजत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

सैनामैना नगरपालिका वडा नं. ८ स्थित चालु आ.व. २०८२/०८३ बो स्वीकृत सुर्यनगर ईंगुरिया खोला तटबन्धन योजना को लागि रु ५००००० विनियोजन भएकोमा वडा समितिको सिफारिस बमोजिम उक्त योजनालाई परिवर्तन गरी सुर्यनगर टोल वनरहवा नदी तटबन्धन योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

सैनामैना नगरपालिका कार्यपालिकाको मिति २०८३।०१।१० गतेको निर्णय नं. ६ सडक मर्मतको शीर्षक अन्तर्गत घमाहा नदी, सैनामैना बडा नं.३ को योजना सञ्चालन गर्ने गरी उक्त योजनालाई रु २००००० र सोही मितिको निर्णय नं. १४ को घमाहा खोलाको पश्चिमतर्फ तटबन्धनका लागि रु २२७०००। अक्षरेपी दुई लाख सत्ताईस हजार मात्र रकम विनियोजन भएकोमा उक्त योजनालाई एकिकृत गरी घमाहा खोलाको पश्चिम तर्फ तटबन्धन योजनामा रु ४२७००० कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

मितिः २०८३/०१/२४ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. ५

सैनामैना नगरपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत वडा नं. ५ को युवाहरुको लागि सीपमूलक तालिम सञ्चालनको लागि रु १००००० विनियोजन भएकोमा वडा समितिको सिफारिस बमोजिम उक्त योजना संशोधन गरी पश्चिम पर्रोहा मा.वि. मा साइकल स्टेण्ड निर्माण योजनामा रु १००००० कायम गरी सञ्चालन गर्ने निर्णय गरियो ।

### निर्णय नं. ६

सैनामैना नगरपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत वडा नं. २ को विहानी टोल इन्द्रेणी पथ शेखर पन्थीको घर अगाडि पक्की नाली निर्माणको लागि रु.३००००० विनियोजन भएकोमा उक्त योजना संशोधन गरी वडास्तरीय बाटो स्तरोन्नती रु.३००००० कायम गरी सञ्चालन गर्ने निर्णय गरियो ।

### निर्णय नं. ७

आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम (संघीय सशर्त अनुदान) अन्तर्गत सैनामैना नगरपालिकाको वडा नं. ११ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणका लागि विनियोजन भएको रकमको ठेक्का घटाघट भइ बचत भएको रकमबाट सोही योजनाको थप पूर्वाधारको निर्माणको कार्य गर्ने निर्णय गरियो ।

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत